नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ११४ २०८२ साल मंसिर १६ गते मंगलबार (2 Dec 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आन्तरिक राजस्व बढाउन ... ३ पृष्ठमा : एचआईभी एड्सको ... ३ पृष्ठमा : हसिना र बहिनीकी छोरी ...

# ल्यावमा तोडफोड, एक जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

लेनदेनको विषयमा राजविराजस्थित एक ल्यावमा सोमबार दिउँसो तोडफोड गरी लाखौंको क्षति पुर्‍याइएको छ । राजविराज ४ स्थित सेफ डाइग्नोस्टिक ल्यावमा सोमबार तोडफोड भएको हो ।

राजविराज ८ का शुभाष सिंहको नेतृत्वमा आएका ६/७ जनाको समूहले ल्यावका महिला स्वास्थयकर्मी तथा कर्मचारीहरुलाई गालिगलौज गर्दै तोडफोड सुरु गरेको ल्याव संचालक देवेस दत्तले बताएका छन् । ल्यावका महँगो उपकरणहरु निकालेर सडकमा बजार्दै तोडफोड समेत गरिएको उनले बताए । तोडफोडबाट ल्यावका उपकरणहरु गरि करिब ३० लाख बराबरको क्षति भएको उनको दाबी छ । सो समूहले आफूले चढ्ने गरेको प्रदेश १-०२-०५३९३०४ नम्बरको मोटरसाइकल समेत लुटेर लगेको उनले बताए ।

संचालक दत्तले सोमबार नै ल्यावमा तोडफोड, लुटपाट र महिला स्वास्थ्यकर्मीमाथी अभद्र व्यवहार गर्ने सुभास सिंहसहितका व्यक्तिहरु उपर कारवाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन् ।

दत्तले आफू सिंहसँग दुई वर्षअघि विभिन्न मितिमा गरि १० लाख रुँपैया ऋण सापटी लिएको बताउँदै दुई वर्षमा आफूले पटक पटक गरि सिंहलाई बैंकमार्फत ३१ लाख २९ हजार ५ सय रुँपैया बुझाइसकेको उनले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक डम्बर बहादुर पुरीले दत्तको ल्यावमा तोडफोड तथा लुटपाट गरेको उजुरीको आधारमा सिंहलाई सोमबार नै पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेका सिंहलाई सप्तरी जिल्ला अदालतबाट म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको उनले बताए ।

# कांग्रेस महाधिवेशन पुस २६ देखि २८ गतेसम्म हुने

ललितपुर, १५ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसले पार्टीको केन्द्रीय महाधिवेशन आगामी आगामी पुस २६ देखि २८ गतेसम्म काठमाडौँ गर्ने निर्णय गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा सोमबार बसेको केन्द्रीय समितिको बैठकले पुस २६ देखि तीन दिनसम्म बस्नेगरी महाधिवेशको मिति तोकेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो ।

गत असोज २८ गतेदेखि जारी केन्द्रीय समितिको सोमबार सम्पन्न बैठकको निर्णय जानकारी गराउँदै पार्टी प्रवक्ता डा महतले केन्द्रीय महाधिवेशन तयारी प्रक्रियाअन्तर्गत यही मङ्सिर २० गतेभित्रको समयसीमाभित्र क्रियाशील सदस्य वितरण गर्नेगरी कार्यतालिका स्वीकृत भएको बताउनुभयो ।

"मङ्सिर २४ गतेसम्म क्रियाशील सदस्यता नवीकरण टुङ्गोमा पुर्‍याउने र पुस ८ गतेसम्म नयाँ क्रियाशील सदस्यसम्बन्धी सबै काम सम्पन्न गर्ने तालिका तय भएको छ, नयाँ क्रियाशील सदस्य वितरणमा समावेशी, युवा तथा पार्टीमा प्रवेश गरेकालाई समेट्ने निर्णय भएको छ", उहाँले भन्नुभयो ।

पार्टीको निर्णयअनुसार आगामी पुस १५ गतेभित्र जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गर्ने, पुस १६ गते गाउँ तथा नगर वडा अधिवेशन, पुस १७ गते गाउँ तथा नगरपालिका अधिवेशन, पुस १९ गते प्रदेश क्षेत्रीय अधिवेशन, पुस २१ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको समेत अधिवेशन हुने भएको छ ।

त्यस्तै पुस २२ गते एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको अधिवेशन तथा पुस २३ र २४ गते सातै प्रदेश अधिवेशन गर्ने निर्णय भएको छ ।

यसैगरी सोमबारको बैठकले यही मङ्सिर २३ गतेदेखि सकिने केन्द्रीय समितिको म्याद माघ महिनाको अन्त्यसम्म थप गर्ने निर्णय गरेको प्रवक्ता डा महतले जानकारी दिनुभयो ।

# निर्वाचनका लागि १ सय २० दलको निवेदन

**दैनिक समाचारदाता**
**काठमाडौँ, १५ मंसिर ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि १२० दलले निवेदन दिएका छन् ।

यही मङ्सिर १ देखि १० गतेसम्म निवेदनको समय दिइएकामा पछि चार दिन समय थप गरिएको थियो । उक्त समय अर्थात् आइतबारसम्म एकल निर्वाचन चिह्नको प्रयोग गर्नेसमेत गरी १२० राजनीतिक दलले निवेदन दिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

प्राप्त निवेदनलाई जाँचबुझ गरी यही मङ्सिर २० गतेभित्र आयोगबाट स्वीकृति दिइने कार्यतालिका रहेको छ ।

# वृद्ध मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा सोमबार एकजना वृद्ध मृत अवस्थामा फेला परेको छ ।

वडा नं. ११ सिमरा बजार स्थित ६५ वर्षीय मोहमद तजमुल मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

तजमुल आफ्नो बहिनी सोही ठाउँ बस्ने सैरुल खातुनको घरमा एक्लै बस्दै आएको र सोमबार १ बजे मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

स्थानीयका अनुसार मृतक तजमुल मागी खाने र मदिरा सेवन गरी सो ठाउँमा बस्दै आएका थिए । घटनास्थललाई सुरक्षित राखेर थप अनुसन्धान अगाडी बढाइएको प्रहरी नायव उपरीक्षक काफ्लेले बताए ।

# दुर्घटनामा एकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, १५ मंसिर ।**

सुनसरी सदरमुकाम इनरुवा-२ मा आइतबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा इनरुवा-१० जलपापुरका ३९ वर्षीय हारुन अंसारी रहेको प्रहरी उपरीक्षक केशव थेबेले जानकारी दिए । इनरुवादेखि बविया जाने क्रममा को७प ४९०५ नम्बरको मोटरसाइकल दुर्घटना हुदाँ उनको मृत्यु भएको हो ।

अंसारी हेलमेट नलगाइ मोटरसाइकल चलाएर इनरुवादेखि बबियातर्फ गइरहेका बेलामा मगर टोलस्थित बिजुलीको पोलमा ठोक्किएर दुर्घटना भएको थियो । गम्भीर घाइते उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# धान दाउन गराइरहेका पासवानको मोटरसाइकल ठक्करबाट मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर ।**

सप्तरीको खडक नगरपालिका ११ बनौलीमा मोटरसाइकलले ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानिय ४२ वर्षिय दिपेन्द्र पासवान छन् ।

आइतबार राती ८ बजेतिर सोही वडाको हुलाकी सडक खण्डमा सडक किनारमा ट्याक्टर राखेर थ्रेसर मेशिन जडान गरि धान दाउन गरिरहेका बेला बोदेबरसाइनबाट राजविराजतर्फ जाँदै गरेको प्रदेश-२-०१-००१प.१७०८ नम्बरको मोटरसाइकलले ठक्कर दिंदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ठक्करबाट गम्भिर घाइते भएका पासवानलाई उपचारका लागि स्थानिय छिन्नमस्ता अस्पताल पुर्‍याउँदा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

मृतक उक्त ट्याक्टरका चालक हुन् । दुर्घटनाका क्रममा ठक्कर दिने मोटरसाइकलका चालक सप्तरीको शम्भुनाथ नगरपालिका १२ अर्नाहाका २८ वर्षिय रामानन्द चौधरी समेत घाइते भएका छन् । प्रहरी निगरानीमा उनको स्थानिय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं।**

- कृपियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिंचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलव्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलव्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्पित गर्न नवीन अवसर र प्रविधि उपलव्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हरवा चरवाको समस्या ज्युँको त्युँ

साहु महाजनको खेतवारीमा काम गर्ने र वस्तु चराएपछि मात्र न्यून मजदुरी पाउने हरवा चरवाको अवस्था अहिले पनि ज्युँको त्युँ रहेको छ । उनीहरु कानुनी रुपमा हाल मुक्ति पाइसके तर व्यवहारिक रुपमा अझै मुक्ति पाउन सकेका छैनन् । पुस्तौदेखि अरुको जग्गामा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएर उनीहरुलाई सरकारले हरवा चरवा प्रथा अन्त्य भएको घोषणा त गर्‍यो, तर उनीहरुको जिवनचर्याका लागि अझै सरकारले गम्भिर बन्न सकेको छैन् ।

सुकुम्वासी जिवन बिताइरहेका उनीहरुसँग जमिन छैन्, रोजगार छैन्, बालबालिकाहरु शिक्षा हासिल गर्न सक्ने अवस्था छैन् । सरकारले हरवा चरवा मुक्त घोषणा गरेपनि उनीहरुको आवास, गाँस र कपासको व्यवस्था गर्न सकेको छैन् । उनीहरु अहिले अर्काको जमिन त जोत्दैनन् तर, उनीहरुको आफ्नो नाममा एक धुर पनि जमिन छैन् । आफ्ना जहान वालबच्चालाई एक पेट खुवाउन समेत कष्ट झेलिरहेका हरवा चरवाहरुको दशकौंदेखी अर्काको जमिन जोतेर गुजारा चलाइरहेको अवस्थामा भुमि, आवास, शिक्षा, सिप, विकास र स्वास्थ्यमा पहुँचको वातावरण सुनिश्चित गर्न सरकार चुकेको छ ।

उनीहरु कानुनी लडाई जिते पनि सामाजिक लडाईमा भने अझै संघर्षरत नै छन् । तसर्थ बास्तविक हरचवा चरवाको तथ्याङ्क नरहेको अवस्थामा उनीहरुको पहिचान, लगत, प्रमाणिकरण तथा परिचय पत्र वितरण कार्य सुरु गरेर बास्तविक संख्या र अवस्था यकिन गर्न सरकार गम्भिर बन्नु आवश्यक छ । दिनप्रति दिन मुद्दालाई लम्ब्याउनु भन्दा समयमै त्यसको निराकणर गर्न सके पक्कै पनि हरवा चरवा अन्य नागरिक सरह समाज विकासमा योगदान पुर्‍याउनेमा दुई मत नहोला ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आन्तरिक राजस्व बढाउन नसक्दा पर्साका स्थानीय तह कमजोर बन्दै

**हिमाल लम्साल**
पर्सा, १५ मङ्सिर (रासस) ।

पर्साको पर्सागढी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक आयबाट रु तीन करोड २६ लाख ६० हजार राजस्व सङ्कलन गर्ने महत्वाकांक्षी योजनासहित बजेट ल्यायो । तर, नगरपालिकाले वर्षभरिमा आन्तरिकतर्फको आयबाट भने मुस्किलले लक्ष्यको ३१ दशमलव ७३ प्रतिशत अर्थात् रु एक करोड तीन लाख ६५ हजार नौ सय ९० रकम मात्रै राजस्व सङ्कलन गर्न सक्यो ।

पछिल्लो समय स्थानीय तहले आफ्नो आन्तरिकतर्फको आय र करको दायरा बढाउन नसक्दा पर्सासहितका मधेश प्रदेशका पालिकाहरू आर्थिक रूपमा दरिलो बन्नुको सट्टा झन्–झन् कमजोर भइरहेका छन् ।

पर्सागढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजुप्रसाद साहले नगरपालिकाको आन्तरिकतर्फको आयस्रोत कम हुँदा पनि पर्याप्त मात्रामा आन्तरिकतर्फको राजस्व सङ्कलन गर्न नसकेको बताउनुभयो ।

"कर उठाउने सीमित स्रोतसाधन हुँदा पनि लक्ष्य अनुसारको आन्तरिक आय सङ्कलन गर्न सकिएको छैन," उहाँले भन्नुभयो, "करको दर बढाउँदा स्थानीयले विरोध गर्ने भएकाले पनि करको दायरा बढाउनेतर्फ अग्रसर भइरहेका छौँ ।" पर्सागढी नगरपालिकाले आव २०८०/८१ मा पनि आन्तरिक आयतर्फबाट रु छ करोड ७९ लाख ९९ हजार सात सय ७३ राजस्व उठाउने लक्ष्य राखेको थियो । तर, सो वर्ष पनि नगरपालिकाले मुस्किलले रु एक करोड २४ लाख १० हजार एक सय ८२ राजस्व मात्रै आन्तरिक आयबाट उठायो ।

त्यस्तै पर्सागढी नगरपालिकाले आव २०७९/८० मा पनि तीन करोड ७५ लाख ७१ हजार ६२ आन्तरिक आय गर्ने लक्ष्य राखेको थियो । तर, सो वर्ष पनि पालिकाले लक्ष्यभन्दा धेरै न्यून अर्थात् रु ९७ लाख २१ हजार ३९ रकम मात्रै राजस्व उठायो ।

विगतका तीन वर्षमा पर्सागढी नगरपालिका मात्रै नभएर वीरगञ्ज महानगरले पनि अपेक्षाकृत रूपमा आन्तरिकतर्फको आय वृद्धि गर्न सकिरहेको छैन । वीरगञ्ज महानगरले आव २०८१/८२ मा आन्तरिक आयतर्फ रु ८१ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, सो आवको अन्त्यसम्म महानगरले रु ६२ करोड ९३ लाख ८५ हजार तीन सय ४४ रकम मात्रै राजस्व सङ्कलन गर्न सक्यो । गत आव मात्रै होइन, महानगरले आव २०८०/८१ मा पनि ९५ करोड तीन लाख ३२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो ।

तर, सो आवमा महानगरले रु ६१ करोड ४७ लाख १७ हजार एक सय ३१ रकम मात्रै आन्तरिकतर्फ आय गरेको छ । त्यस्तै महानगरले आव २०७९/८० मा आन्तरिक आयतर्फ रु ६० करोड ७६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकोमा सो आवमा भने रु ५७ करोड एक लाख ७३ हजार दुई सय १ रकम मात्रै आन्तरिक आयतर्फ राजस्व सङ्कलन गर्‍यो ।

वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले महानगरको आन्तरिक आय वृद्धि गर्ने प्रयास गरे पनि अपेक्षाकृत रूपमा राजस्व वृद्धि हुन नसकेको बताउनुभयो । "हामीले यहाँका जनतालाई करको दायरा बढाउने प्रयास गरिरहेका छौँ । तर, अझै पनि जनता स्वतस्फूर्त रूपमा कर तिर्न आइरहेका छैनन्," प्रमुख सिंहले भन्नुभयो, "महानगरको आन्तरिकतर्फको आयवृद्धि गर्नका लागि विभिन्न कर तथा राजस्व सम्बन्धित जनचेतनामूलक कार्यक्रम पनि गर्दै आइरहेका छौँ ।"

प्रमुख सिंहले महानगरले विगतमा घर बनाइसकेका नगरबासीलाई नक्शापासको जरिवाना माफी गर्दासमेत नक्शापास गराउन नआउने गुनासो गर्नुभयो । "वीरगञ्ज महानगर क्षेत्रमा ८० प्रतिशतभन्दा धेरै घर नक्शापासबिनै सञ्चालनमा हुँदै आइरहेका छन् । हामीले बारम्बार नक्शापास गर्नका लागि आह्वान गरिरहेका छौँ । तर, सर्वसाधारण भने आउन मानिरहनुभएको छैन," प्रमुख सिंहले, "वीरगञ्ज महानगर क्षेत्रमा ९५ प्रतिशतभन्दा धेरै उद्योग/कलकारखाना पनि महानगरमा नक्शापास बिनै सञ्चालन हुँदै आइरहेका छन् । जसले गर्दा पनि आन्तरिक आय वृद्धि हुन सकिरहेको छैन ।" प्रमुख सिंहले महानगरले फोहरमैला बापतको शुल्क उठाउनको लागि दुई पटकसम्म बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र नपरेको बताउनुभयो । "हामीले वार्षिक रु सात करोड राजस्व उठाउने गरी फोहरमैलाको राजस्व सङ्कलनको लागि बोलपत्र आह्वान गरेका थियौँ । तर, दुई पटक बोलपत्र आह्वान गर्दा पनि कसैको नपरेपछि नगरपरिषद्बाट रकम घटाएर फेरि प्रस्ताव आह्वान गर्ने तयारी भइरहेको छ ।"

सङ्घीयता तथा स्थानीय शासनविद् डा खिमलाल देवकोटाले स्थानीय पालिकामा करमा चुहावट र जभाभावी कर छुट दिने प्रवृत्तिको पनि अन्त्य हुनुपर्ने बताउनुभयो । उहाँका रौतहटको मौलापुर गाउँपालिकामा विद्युत् महसुल छुट दिनेजस्ता गलत खालको अभ्यास भइरहेको छ ।

यस्ता खालका अभ्यासले स्थानीय सरकार आर्थिक रूपमा सबल नभएर झन् कमजोर बन्नेतर्फ पनि ध्यान दिन जरुरी भइसकेको छ । उहाँले भन्नुभयो, "स्थानीय सरकारले कर तथा राजस्व छुट नै छुट दिने गलत अभ्यास गर्दा स्थानीय सरकारको आन्तरिक आय कसरी सबल हुनसक्छ ?" उहाँले भन्नुभयो, "स्थानीय सरकारले गलत ढङ्गले कर छुट तथा कर चुहावट गर्ने पालिकालाई सङ्घीय सरकारले उपलब्ध गराउने अनुदानमासमेत रोक लगाएर भए पनि गलत प्रवृत्ति अन्त्य गर्न जरुरी भइसकेको छ । यस्ता कारण स्थानीय सरकारको आन्तरिक क्षमतामा ह्रास आइरहेको छ ।"

स्थानीय सरकारको विशेष गरेर आन्तरिक स्रोत परिचालनमा कमजोरी, कर सङ्कलन प्रणाली कमजोरी, व्यावसायिक गतिविधि र सेवाको दायरा सीमित हुँदा पनि आन्तरिक आयतर्फ कमजोर हुँदै आइरहेका छन् । अहिले स्थानीय तहले विशेष गरेर सम्पत्ति कर, भूमिकर,/मालपोत कर, घरबहाल कर, सवारीसाधन कर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य मनोरञ्जन कर, व्यवसाय रजिष्ट्रेशन कर, अखेटोपहारमा लाग्ने कर, सरकारी सम्पत्ती बहालबाट प्राप्त आय, नक्शापास दस्तुर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता र प्रशासनिक दण्ड, जरिवाना र जफत बापतको कर लिँदै आइरहेका छन् ।

पर्साको जिराभवानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाले यहाँका पालिकासँग आन्तरिक आय बढाउने स्रोतसाधन निकै न्यून रहेको बताउनुभयो । "यहाँका पालिकासँग आफ्नो आफ्नै आम्दानीको स्रोत जुटाउने संरचना नै बनेका छैनन् । जसले गर्दा पनि आन्तरिक आय बढाउन सकिएको छैन," उहाँले भन्नुभयो, "जनप्रतिनिधि र कर्मचारी नेतृत्वले आफ्नो पालिकामा आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ निकै मेहनत गर्नुपर्ने जरुरत देखिएको छ," उहाँले भन्नुभयो, "तराईका पालिकको आन्तरिक आयतर्फको स्रोतमा माछा पोखरी, पोखरी, ढुङ्गागिटी र बालुवा र अन्य विभिन्न शीर्षकक सेवाग्राहीबाट लिने कर नै हुन् । त्यसैले सोतर्फ गम्भीर भएर ध्यान दिन जरुरी छ ।" पालिकाले बजेट बनाउँदा पनि स्रोतको सुनिश्चितता नभइ आन्तरिकतर्फ हचुवाको भरमा आय लेख्ने गर्दा पनि अपेक्षाकृत रूपमा राजस्व सङ्कलन हुन सकिरहेको छैन ।

सङ्घीयता तथा स्थानीय शासन विद् डा देवकोटाले स्थानीय कर प्रणालीलाई व्यवस्थित बनाउने सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क जरिवाना र अन्य शुल्कलाई प्रभावकारी रूपमा सङ्कलन गर्न राजस्व प्रशासनलाई सुदृढ बनाउँदै लैजानुपर्ने बताउनुभयो ।

"स्थानीय सरकारले करको दायरा विस्तार गर्ने र प्रविधिमैत्री कर प्रणालीको विकास गर्नेतर्फ अग्रसर हुन जरुरी भइसकेको छ," उहाँले भन्नुभयो, "स्थानीय सम्भावनाको पहिचान र रूपान्तरण गर्दै कृषि, पर्यटन, जलस्रोत, वनजन्य उत्पादन, जडीबुटीलगायत क्षेत्रमा आधारित योजना निर्माण गरी रोजगारी सिर्जना गर्ने र राजस्व बढाएर अघि बढ्न जरुरी छ ।"

सङ्घीयता तथा स्थानीय शासनविद् डा देवकोटाले पालिकाले विगतको तुलनामा आन्तरिकतर्फको कर तथा राजस्व वृद्धि गर्ने पालिकालाई प्रोत्साहनस्वरूप अनुदान थप गरिदिने परिपाटीको पनि विकास गर्न जरुरत भएको बताउनुभयो ।

"संवैधानिक रूपमा नै अहिले स्थानीय तहले कर लगाउने र राजस्व उठाउने अधिकार पाएका छन्," उहाँले भन्नुभयो, "तर, अहिले कतिपय पालिकामा पहिला र अहिले आन्तरिक तर्फको राजस्व सङ्कलनको अवस्था कस्तो छ भन्ने विषयमा पनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विशेष चासो दिएर समीक्षा गर्नुपर्ने बेला भइसकेको छ ।"

# सिरहाको भालटार डाँडामा आन्तरिक पर्यटकको आकर्षण बढ्दो

सिरहा, १५ मङ्सिर (रासस) ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत धनगढीमाईको जिरोमाइलबाट करिब १० किलोमिटर उत्तरमा अवस्थित भालटारडाँडा पछिल्लो समय आन्तरिक पर्यटकको नयाँ गन्तव्यका रूपमा विकास भएको छ । प्राकृतिक दृश्य, स्वच्छ र शान्त वातावरण, सहज पहुँच, फोटो खिच्नका लागि मनमोहक स्पट र नयाँ–नयाँ संरचनाले गर्दा भालटारडाँडा दिनानुदिन पर्यटकले भरिन थालेको छ ।

धनगढीमाई–१३ को सेल्फीडाँडाको रूपमासमेत परिचित यो भूगोलमा करिब छ महिनाअघि सडक पिच भएर सहज पहुँच बनेपछि यहाँको पर्यटन चहलपहल ह्वात्तै बढेको स्थानीयवासी बताउँछन् । सडक विस्तारले केवल पर्यटकको आगमन मात्र बढाएको छैन, यसले स्थानीय कृषि उत्पादनलाई धनगढीमाई बजारसम्म सजिलै पुर्‍याउन पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।

हाल उक्त सडक वडा नं १४ को सर्रे–अम्वाससम्म विस्तार भइसकेको छ, जसले पहाडी बस्तीलाई बजारसँग थप मजबुत रूपमा जोडेको छ । भालटारडाँडामा पुग्ने जो–कसैलाई यहाँको हरियाली, चुरे आसपासका पहाडी बस्ती, चिसो हावा र शान्त वातावरणले मोहित बनाउने गर्दछ । परिवारसहित पिकनिक मनाउन, साथीभाइसँग रमाइलो गर्न, हाइकिङ गर्न तथा मनको थकान मेट्न यहाँ आउनेहरूको सङ्ख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ । पर्यटक आगमनसँगै भालटारमा होटल–रेस्टुरांको सङ्ख्या पनि बढ्दै गएको छ ।

भालटारस्थित भ्यू होटलका सञ्चालक रोशन राई भन्नुहुन्छ, "विगत आठ वर्षदेखि होटल सञ्चालन गरे पनि पहिला खासै मानिस आउँदैनथ्ये । तर पछिल्लो समय पूर्वाधारको विकाससँगै मानिसको उल्लेखय

*बाँकी तीन पृष्ठमा*

# एचआईभी एड्सको त्रास : पर्यटनको दिगोपनामा ह्रास

**डा चेतनाथ कणेल**

काठमाडौँ, १५ मङ्सिर (रासस)।

विश्वभर एचआईभी एड्स विरुद्धको सचेतना अभियान (डिसेम्बर १ तारिख) चलिरहेको बेला अहिले हामीलाई दुई कुराले सताइरहेको छ। पहिलो, सन् १९८८ देखि विश्वव्यापी समस्याको रूपमा देखापर्न थालेको एचआईभी एड्स अर्थात् 'रोग प्रतिरोधात्मक क्षमताको ह्रास हुने घातक रोग' विगत ३७ वर्षमा पनि पूर्ण नियन्त्रण हुन सकेको छैन।

दोस्रो, विगतमा यसको प्रकोप नियन्त्रणका लागि केही सफल प्रयासमा विकसित देशले उपलब्ध गराउने गरेको सहयोगको क्रम घट्न जाने वा बन्द हुने क्रम चलेसँगै विश्वका कम विकसित तथा विपन्न राष्ट्रहरूमा एक किसिमको भय र त्रास बढिरहेको छ।

सङ्क्रमितहरूलाई उपलब्ध गराइने औषधि तथा सूईको मूल्य महँगो हुने हुँदा सोको आपूर्तिमा बाधा उत्पन्न हुन गई खासगरी तेस्रो विश्वका कमजोर राष्ट्रहरूमा एचआईभी एड्स नियन्त्रण तथा रोकथामका उपायहरू कम प्रभावी वा निरर्थक बन्दै जाने आशङ्का बढेको अवस्था छ।

**पर्यटन र एचआईभी एड्स**

यात्रा र सरुवा रोग अर्थात पर्यटन र महामारीजन्य प्रकोपको नितान्त घनिष्ट सम्बन्ध रहेको हुन्छ। एक ठाउँका घातक रोग अर्को ठाउँमा सहजै सर्नसक्छ। एचआईभी एड्स त्यस्तै प्रकोप वा महाविपद् हो। यात्राबाटै अफ्रिकादेखि विश्वभर फैलिँदै गएको यो एचआईभी रोग वा यसका कारण हुन जाने अन्य 'प्रतिकारात्मक शक्ति क्षय हुने रोग' तथा विविध विमारहरूले गर्दा अहिलेसम्म विश्वमा करिब पाँच करोड व्यक्तिको ज्यान गएको छ।

त्यसैगरी एचआइभी एड्सपछिको अर्को विश्वव्यापी संकटजन्य 'प्यान्डेमिक रोग' अर्थात् कोरोना (कोभिड १९) ले पनि सन् २०१९ को डिसेम्बर महिनादेखि हालसम्म करिब ७१ लाख २० हजार मानिसलाई यो विश्वबाट लगिसकेको छ। छिटो छिटो फैलिएर विश्वका सबै मानिसमा त्रास बढाएको यो रोगलाई संक्रमण र विनाशका हिसाबले एचआईभी एड्सभन्दा पनि झनै खतरा मानियो। हामीले यसलाई महाघातक, महामरक आदिका संज्ञा पनि दिइयो। सन् २०१९ को डिसेम्बरदेखि चीनबाट तीव्र रूपमा फैलिन सुरु गरेको 'कोभिड १९' सन् २०२५ मा पनि विश्वका कतिपय ठाउँमा नयाँ-नयाँ 'भेरियन्ट'को रूपमा देखापरेबाट हामी अझ पनि कोरोनाजन्य महाविपत्‌बाट पूर्णतः सन्त्रासरहित हुन सकेका छैनौं।

**बढ्दो भयावहता**

चाहे एचआइभी होस् वा कोरोना, मानिसमा छाला, रगत र सासका माध्यमबाट सर्ने समस्याले गर्दा पर्यटनका लागि यी आपत्‌जन्य वा जोखिमजन्य कुरा हुन्। एक ठाउँको पर्यटक अर्को ठाउँमा जाँदा सङ्क्रामक रोग लिएर जान्छ र त्यसबाट स्थानीय परिवेशमा रोग फैलिने त्रास हुन्छ भने त्यसले निश्चय नै पर्यटन विकासमा ठूलो अवरोध ल्याउँछ। कोभिडका बेला विश्वभर झण्डै ९५ प्रतिशत पर्यटकीय गतिविधि ठप्प हुन पुगे। पर्यटक आगमनमा पनि त्यही दरमा कटौती भयो। सन् २०२० र २०२१ मा विश्वको पर्यटन तहसनहस बन्न पुग्यो। नेपालको पर्यटनको हविगत पनि झनै दुरुह बन्न पुग्यो। सन् २०१९ मा करिब १२ लाख पर्यटक आगमन रहेकामा सन् २०२० र २०२१ मा त्यो संख्या डेढ-दुई लाखको हाराहारीमा झर्नु भनेको नेपालका लागि अत्यन्त पीडादायी र नैराश्यताको स्थिति थियो।

नेपालको पर्यटन विकासको प्रक्रिया र गतिमा त्यो ठूलो झट्का थियो, अनपेक्षित महासंकट नै थियो। सन् २०२२, २०२३ र २०२४ मा पर्यटनको लयलाई कम्तीमा पुरानै अवस्थामा पुऱ्याउने हाम्रा प्रयास भए पनि ती पूर्णरूपेण सफल हुन सकेनन्। पर्यटनको 'रिकभरी' हुन अझ पनि केही समय कुर्नुपर्ने भएको छ। कोभिड-१९ ले पारेको प्रभावलाई अहिलेसम्मकै अत्यन्त ठूलो प्रभाव मानिएको छ। तर एचआइभी सङ्क्रमणले कोभिडले जस्तो एक्कैपटक ध्वस्त नपारे पनि भित्रभित्र समाज खाइरहेको हुन्छ। पर्यटन समुदायलाई कमजोर र ग्लानियुक्त बनाइरहेको हुन्छ।

पछिल्ला तथ्याङ्कहरूले भनिरहेछन् विश्वमा एचआइभीको भयावहता घटेको छैन, भविष्यमा आई पर्नसक्ने चुनौतीको ढोका बन्द भएको छैन। नेपालमा मात्रै अहिले पनि करिब ३४ हजार एचआइभी सङ्क्रमित हुनु, करिब आठ हजार सङ्क्रमितले नियमित औषधि सेवन गरिहनुपर्ने अवस्था हुनु र विश्व आर्थिक सङ्कट बढ्दै गएअनुसार वैदेशिक सहयोगको रकम घट्दै जानुले सरकारले मात्र यस्ता एचआईभी सङ्क्रमितहरूलाई नियमित औषधिको प्रबन्ध गर्न सक्ला नसक्ला भन्ने द्विविधा र संशय कायमै छ। त्यसै त हामी ऋणमा चुर्लुम्म डुबिरहेका छौं, अझ विरामी उपचारका लागि पनि वैदेशिक ऋण खोज्नुपर्ने अवस्था आयो भने हाम्रो हालत के होला ? यस्तो स्थितिमा दिगो विकासको समग्र चक्रलाई प्रभाव त पर्छ नै त्यसमा पनि पर्यटनको चक्रमा थप दूरगामी असर पुग्छ।

पर्यटनको रूप र धूप बढ्दै गएपछि त्यसले यौन बजारलाई बढावा दिन्छ। नाफाखोरिताको चरम नमुना 'यौन पर्यटन बजार' हो। हरेक विकृति त्यहाँ भेट्न सकिन्छ। 'समाजलाई बिगार्छ' भन्ने कुरा मान्न यो समूह कहिल्यै तयार हुँदैन। यो एउटा तीतो सत्य हो। हामीलाई सुन्न मन नलागे पनि सुन्न बाध्य बनाउने यथार्थ हो। विश्वका कतिपय देशले यस्तो यौन बजारलाई वैधता प्रदान गरेको भए पनि नेपालले हालसम्म वैधता दिएको छैन। यद्यपि, केही नीतिनिर्माता तथा व्यवसायीहरू यसको पक्षमा छन्, तर जनमानस र स्थानीय समुदायले भने यस्तो प्रस्तावको खरो विरोध गरिरहेका छन्। पाँच प्रतिशतको लाभका लागि पञ्चानब्बे प्रतिशत जनताको अहित कसैले भित्र्याउनुहुँदैन। बहस हुँदैछ, भविष्यमा वैधता पाउला नपाउला, तर पनि नेपालमा अवैध रूपमा यस्ता यौनधन्दा भइरहेको कसैसामु छिपेको छैन। लुकेको सत्यका बारेमा धेरै पत्रकार तथा साहित्यकारहरूले उजागर गर्दै आएका छन्।

**विश्व अनुभव र अबको सचेतता**

विश्वको अनुभवले भन्छ, महिला, पुरुष, तेस्रो लिङ्गी, फरक यौन चाहना भएका व्यक्ति आदि सबै खालका मानिसहरू रुचि वा अरुचिपूर्वक पनि यस्तो बजारमा तानिने गरेका छन्। यसमा बढी आर्थिक लाभ हुन्छ भन्ने भनाइ छ। तर पीडित तथा संक्रमितहरू यो धर्तीबाट छिट्टै माथि लाग्छन् भन्ने कुरा लोभीपापीले बुझेका हुँदैनन्। 'पैसैपैसा ...' भन्ने मदनकृष्ण श्रेष्ठको गीतजस्तै त्यो जमातले पैसाभन्दा यो दुनियाँमा अर्को महत्वपूर्ण कुरा छ भन्ने कुरा ख्यालै गर्दैन। यौन व्यवसाय चलाएर रातारात 'कार चढ्न आतुर' त्यस्तो जमातलाई अब छुटकारा दिनुहुँदैन। नवपुस्ता (जेनजी) ले पनि यस सवालमा एउटा ध्यान दिनुपर्ने बेला भएको छ।

सबैले बुझ्नुपर्छ, बहुव्यक्तिसँग यौनसम्बन्ध कायम हुनु भनेको यौनजन्य रोगको सहज आमन्त्रण हुनु हो। यौनजन्य रोगमा एचआईभी एड्स सबैभन्दा घातक रोग भएकाले एक जनामा सर्नेबित्तिकै त्यस्तो रोग केही दिन वा महिनामा हजारौँमा सर्न सक्छ। पर्यटनको केन्द्र वा गन्तव्यमा यस खालको नकारात्मक खबर आयो भने त्यो ठाउँ सदाका लागि पर्यटनबाट वञ्चित हुनसक्छ। टिकाउ पर्यटन अर्थात दिगो पर्यटन व्यवस्थापनमा त्यो सन्दर्भ महाचुनौतीको रूपमा देखा पर्दछ। थाइल्याण्डजस्ता देशले यस मामिलामा पछिल्लो समय केही सचेतता देखाउन थालेका छन्। पुँजीवादी र भौतिक संसारमा लिप्त प्रवृत्ति र संस्कारले यौन उपभोगवादलाई 'किन्ने बेच्ने वस्तु' र 'किन्ने बेच्ने सेवा' ठान्ने प्रवृत्ति नहटेसम्म पर्यटन जगतबाट प्रत्यक्ष होस् वा अप्रत्यक्ष, यस्तो यौन व्यापार हटाउन कठिन छ। कतिपयले यसै माध्यमलाई पर्यटनको 'दिगो स्रोत' पनि ठान्न सक्छन्। त्यो क्षणिक हो।

तसर्थ, हामीले आजैदेखि सोच्नुपर्छ बुद्धको देश, सीताको देश, भृकुटीको देश, सगरमाथाको देश हाम्रो महागौरवमय नेपालमा त्यस खालको पर्यटनले बढावा पाउनु हुँदैन। यहाँको प्रकृति, यहाँको संस्कृति, यहाँको इतिहास र यहाँका हजारौं रैथाने खानापिना र नाना-गाना-बजानाले विश्वका जुनसुकै कुनाका पर्यटकलाई दुई हप्ता बसाउन काफी छन्। केही विन्दु र कुनामा चलाउन आँटिने यौनकर्ममय पर्यटन हाम्रो चाहना र नीतिगत प्राथमिकता कहिल्यै पनि हुनुहुँदैन। एड्सले ग्रस्त नेपाल हाम्रो चाहना होइन, यौनकर्मीको प्रदूषित भूमि नेपाल बनाउनु पनि छैन। चाहे शहर होस्, चाहे गाउँ होस्, व्यावसायिक यौनकर्म हुने ठाउँमा सरकार र स्थानीय समुदायले कडा निगरानी राख्नुपर्ने आवश्यकता छ। विश्वभर एड्सविरुद्धको सचेतना दिवस मनाइरहेको बेला आजको मूल सन्देश पनि यही हो। हामी सबैलाई चेतना भया। (लेखक दिगो पर्यटन विकासविज्ञ हुनुहुन्छ)

---

*सिरहाको भालटार ...*

आगमन हुन थालेको छ। छिमेकी देश भारतबाट समेत पर्यटक आउने गरेका छन्।"

राईका अनुसार, धेरै पर्यटकले पहिले नै फोन गरेर अर्डर गर्छन्, कोही हिँड्दै-हिँड्दै नै आउने गर्छन्। "यहाँ लोकल कुखुराको स्वाद चाख्न विशेषै पर्यटक आउँछन्। रमाइलो वातावरणमा फ्रेश फिल गर्न आउनेको सङ्ख्या दिनानुदिन बढ्दो छ," राई थप्नुहुन्छ।

होटल व्यवसायीको भनाइमा, सडक राम्रो भएपछि दैनिक रूपमा आउने पर्यटकको सङ्ख्या दोब्बर भएको छ।

धनगढीमाई नगरपालिका र स्थानीय समुदायले भालटार डाँडालाई व्यवस्थित पर्यटन क्षेत्र बनाउने प्रयासलाई तीव्रता दिइरहेका छन्। वडा नं १३ का वडाध्यक्ष सूर्यमान तामाङले भन्नुभयो, "भालटार डाँडामा पछिल्ला वर्षमा पर्यटकको आकर्षण असाध्यै बढेको छ। त्यसैले हामीले यस क्षेत्रलाई व्यवस्थित पर्यटन गन्तव्य बनाउने लक्ष्यका साथ प्रचारप्रसारदेखि भ्यू-प्वाइन्ट पहिचान, सफाइ अभियान र आवश्यक पूर्वाधार निर्माणका कामलाई प्राथमिकतामा राखेका छौं।" नजिकै धनगढीमाई चोकमा पनि सो क्षेत्रको पर्यटन सम्भावनालाई मुख्य केन्द्र बनाउँदै व्यवसाय र यातायात सेवा विस्तार भइरहेको उहाँले जानकारी दिनुभयो।

सुन्दर भू-आकृति, बढ्दो होटल व्यवसाय, सहज यातायात र बढ्दो आन्तरिक तथा बाह्य पर्यटक आगमनका कारण भालटारडाँडामा 'मिनी-हिलस्टेशन' बन्ने सम्भावना अत्यन्त प्रबल देखिएको स्थानीय युवा वीरेन्द्र चौधरीको भनाइ छ। मधेसमै यस्तो रमणीय पहाडी दृश्य पाउन सकिने थोरै ठाउँमध्ये भालटार एक भएकाले स्थानीय तहले यसको प्रवर्द्धन गरी स्थानीयको रोजगारीसँग जोड्न सक्नुपर्ने उहाँले बताउनुभयो।

---

## विश्व समाचार

### हसिना र बहिनीकी छोरी ट्युलिप सिद्दिक भ्रष्टाचारमा दोषी ठहर

ढाका, १५ मङ्सिर (रासस/एपी)।

बङ्गलादेशकी अपदस्थ पूर्व प्रधानमन्त्री शेख हसिना र उहाँकी बहिनीकी छोरी, बेलायतकी सांसद ट्युलिप सिद्दिकलाई सरकारी जग्गा टाउनसिप परियोजनासम्बन्धी भ्रष्टाचार आरोपमा ढाका विशेष अदालतले क्रमशः पाँच वर्ष र दुई वर्षको जेल सजाय तोक्दै दोषी ठहर गरेको छ। विशेष न्यायाधीश रबिउल आलमले हसिनाले प्रधानमन्त्री पदको दुरुपयोग गर्नुभएको र सिद्दिकले आफ्नी ठूलीआमालाई सरकारी परियोजनामा जग्गा प्राप्त गर्न प्रभावशाली रूपमा सहयोग गरेको ठहर गर्दै सजाय सुनाउनुभएको हो। यसै मुद्दामा सिद्दिककी आमा शेख रेहानालाई सात वर्षको जेल सजाय सुनाइएको छ र अदालतले उहाँलाई परियोजनामा प्रमुख संलग्न व्यक्तिका रूपमा उल्लेख गरेको छ। यस प्रकरणमा अन्य १४ जना पनि संलग्न रहेको बताइएको छ।

बेलायतको संसद्मा लन्डनका ह्याम्पस्टेड तथा हाईगेट क्षेत्रको प्रतिनिधित्व गर्ने सिद्दिकले यी सबै आरोपहरू यसअघि नै अस्वीकार गर्दै यसलाई बनावटी आरोपमा आधारित राजनीतिक प्रतिशोध बताउँदै आउनुभएको थियो। ठूलीआमासँगको सम्बन्धकै कारण ठूलो राजनीतिक दबाब परेपछि उहाँले जनवरीमा मन्त्री पदबाट राजीनामा दिनुभएको थियो। पूर्व प्रधानमन्त्री हसिनालाई गत वर्ष जनविद्रोह दमनका क्रममा संलग्न मानवता विरुद्धका अपराधका लागि नोभेम्बरमा मृत्युदण्ड सुनाइएको छ र उहाँ भारतमा निर्वासनमा बसिरहनुभएको छ।

उहाँमाथिका सबै मुद्दा अनुपस्थितमै चलाइएका हुन्। सोमबारको फैसलामा हसिना, रेहाना र अन्य अभियुक्तहरूले आफूहरूको प्रतिनिधित्वका लागि कुनै प्रतिरक्षा वकिल खटाउनुभएको थिएन। रेहानासमेत विदेशमै बसिरहनुभएको छ भने सिद्दिकका दुई दाजुभाइ र बहिनी पनि गत वर्षको विद्रोहसम्बन्धी अन्य आरोपका कारण विदेशमै छन्। त्यसैगरी, सोही टाउनसिप परियोजनासँग सम्बन्धित तीनवटा छुट्टै मुद्दामा ढाकाकै अर्को अदालतले नोभेम्बर २७ मा हसिनालाई २१ वर्षको जेल सजाय सुनाइसकेको छ। उक्त फैसलामा उहाँका छोरा र छोरीलाई समेत पाँच-पाँच वर्षको जेल सजाय तोकिएको छ।

### एयरबस ए३२० सिरिजका १०० भन्दा कम विमान ग्राउन्डेड

पेरिस, १५ मङ्सिर (रासस/एएफपी)।

एयरबसले आफ्नो ए३२० सिरिजका १०० भन्दा कम विमानहरू अझै पनि तत्काल आवश्यक सफ्टवेयर अद्यावधिकका कारण ग्राउन्डेड रहेको पुष्टि गरेको छ। गत हप्ता छ हजार जेटहरूमा असर पर्न सक्ने चेतावनी जारी गरेपछि उठेको चिन्ताबीच कम्पनीले अधिकांश विमानमा आवश्यक परिमार्जन पूरा भइसकेको स्पष्ट गरेको हो। एयरबसद्वारा जारी विज्ञप्तिमा 'विशाल बहुमतका विमानहरूले आवश्यक संशोधन पाइसकेका छन्। बाँकी १०० भन्दा कम विमानलाई पनि यथाशीघ्र सेवामा फर्काउन हामी एयरलाइन्स ग्राहकहरूसँग नजिकबाट समन्वय गर्दैछौं' भन्ने उल्लेख गरिएको छ। युरोपको शीर्ष विमान निर्माताले केही दिनअगाडि नै आफ्ना ग्राहकहरूलाई सफ्टवेयर प्रतिस्थापनका लागि 'तत्काल सावधानी अपनाउन' आग्रह गरेको थियो। यस चेतावनीले सयौं विमान लामो समयसम्म ग्राउन्डेड रहने आशङ्का पैदा गरे पनि अधिकांश युरोपेली एयरलाइन्सहरूले असर न्यूनतम रहेको जनाएका छन्।

तर कोलम्बियाली एयरलाइन्स अभियाङ्काले भने आफ्नो कुल फ्लीटको ७० प्रतिशत प्रभावित भएकाले आगामी १० दिनसम्म उल्लेखनीय अवरोध आउने भन्दै डिसेम्बर ८ सम्म टिकट बिक्री स्थगित गरेको छ। एयरबसले अक्टोबरमा एउटा जेटब्लु उडानमा देखिएको प्राविधिक समस्याको समीक्षा गरेपछि यो चेतावनी जारी गरेको हो। तीव्र सौर्य विकिरणले उडान नियन्त्रण प्रणालीका लागि महत्त्वपूर्ण डेटामा असर पुऱ्याउन सक्ने सम्भावना देखिएपछि सफ्टवेयर फिक्स अनिवार्य गरिएको कम्पनीले जनाएको छ।

### पुटिन-अमेरिकी राजदूत भेट तयार

मस्को, १५ मङ्सिर (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राजदूत स्टिभ विटकफसँग मङ्गलबार दिउँसो क्रेमलिनमा भेटवार्ता गर्नुहुने भएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सोमबार पत्रकारहरूसँगको नियमित ब्रिफिङमा विटकफसँगको बैठक भोलि दिनको दोस्रो भागमा हुने कार्यक्रम रहेको जानकारी दिनुभयो। यसअघि अमेरिकी तथा युक्रेनी अधिकारीहरूबीच भएको प्राथमिक छलफलपछि वासिङ्टनले प्रस्ताव गरेको सम्भावित शान्ति-ढाँचाबारे दुवै पक्षको संवाद अघि बढिरहेको छ। संयुक्त राज्य अमेरिकाले मस्को-किएभ युद्ध अन्त्य गर्न एक प्रकारको 'आधारभूत रूपरेखा' प्रस्तुत गर्न चाहेको बताउँदै आएको छ।

राष्ट्रपति पुटिनले गत हप्ता आफ्नो कडा मागहरू दोहोऱ्याउँदै किएभलाई मस्कोले दाबी गरेका क्षेत्रमा आत्मसमर्पण गर्नैपर्ने अन्यथा रुसी सेनाले 'आवश्यक परे बलपूर्वक नियन्त्रण लिने' चेतावनी दिनुभएको थियो। राजदूत विटकफले पुटिनलाई यसअघि पनि क्रेमलिनमा धेरै पटक भेट्नुभएको छ। तर उहाँले मस्कोसँगको संवादमा अपनाउनुभएको शैलीबारे अमेरिकाभित्र नै आलोचना भएको छ। प्रारम्भिक अमेरिकी योजना क्रेमलिनको मागतर्फ बढी झुकाव भएको जस्तो देखिएको भन्दै कतिपय अधिकारीहरू र विश्लेषकहरूले असन्तुष्टि व्यक्त गरेका छन्।

यता युरोपेली सङ्घ (इयु) ले आगामी हप्ता 'युक्रेनका लागि अत्यन्त महत्त्वपूर्ण' हुने चेतावनी दिँदै कूटनीतिक गतिविधि बढाएको छ। युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की सोमबार पेरिसमा रहेर किएभका लागि युरोपेली समर्थन विस्तार गर्न सक्रिय हुनुहुन्थ्यो। अर्कोतर्फ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले करिब चार वर्षदेखि जारी युद्ध अन्त्य गर्न सम्भावित सम्झौताको सम्भावनाबारे आशावादी मनोवृत्ति प्रकट गर्नुभएको छ। पुटिन-विटकफ भेटले शान्ति प्रक्रियामा नयाँ मोड आउने कि नआउने भन्ने विषयले अहिले अन्तर्राष्ट्रिय समुदायको ध्यान तानेको छ।

# कुमारी घरबाट चोरिएको पुरातात्विक वस्तु बेलायतबाट फिर्ता

काठमाडौँ, १५ मङ्सिर (रासस)।
पुरातत्व विभागले कुमारी घरबाट करिब २५ वर्ष अगाडि चोरिएको पुरातात्विक वस्तु तोरण बेलायतबाट नेपालमा फिर्ता ल्याएको छ। विभागले स्वदेशी तथा विदेशी सम्पदा अभियन्तासँग समन्वय गरी उक्त सम्पदा फिर्ता ल्याएको हो।

मल्लकालीन समयमा निर्माण भएको उक्त सम्पदा विसं २०५७ मा कुमारीघरबाट चोरी भएको थियो। बेलायतस्थित सङ्ग्रहालयमा फेला परेपछि सरकार, विभिन्न संस्था तथा विद्वानबीचको सहकार्यबाट नेपाल फिर्ता गरी सोही स्थानमा हालै प्रतिस्थापन गरिएको हो। प्रतिस्थापन अगाडि राष्ट्रिय सङ्ग्रहालयमा राखिएको थियो।

अन्तरराष्ट्रिय कानुनअनुसार कुनै पनि मुलुकको सम्पदा विश्वका अन्य देशमा रहेमा आवश्यक कानुनी प्रकृया पूरा गरी सम्बन्धित मुलुकमा फिर्ता गर्नुपर्ने प्रावधानअनुसार सो सम्पदा ल्याइएको पुरातत्व विभागकी अधिकृत सरिता सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालबाट चोरिएका विभिन्न मूर्तिहरू, कलावस्तु, सम्पदा विश्वका कुनै मुलुकमा फेला परेको सूचना प्राप्त भएपछि फिर्ताका लागि प्रकृया अघि बढाइन्छ।

विभिन्न देशका सङ्ग्रहालय, लिलामी घर वा निजी सङ्ग्रहमा पुगेको सम्पदा फिर्ता गराउँदा सम्बन्धित मुलुकले ढुवानी खर्च व्यहोर्ने व्यवस्था छ। अन्तरराष्ट्रिय तहमा बसेका नेपाली समुदाय, सम्पदा क्षेत्रमा क्रियाशिल सङ्घसंस्थाले पनि सहयोग गर्दै आएका छन्।

काठमाडौँ उपत्यकामा मध्यकालीन समयमा निर्माण भएका काष्ठकला, मूर्तिकला, प्रस्तरकला, वास्तुकलाका नमूना विशेषगरी विभिन्न मठमन्दिरमा सजिएका छन्। त्यसले तत्कालीन समाजको कला शैली निर्माणको अवस्था अध्ययनमा सहयोग पुगेको छ।

कला क्षेत्रको विकासमा गर्विलो इतिहास बोकेको सम्पदा संरक्षणले समग्र राष्ट्रको गौरव बढाएको अधिकृत सुवेदीले बताउनुभयो।

# डिजेल–मट्टितेलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौँ, १५ मंसिर।**
नेपाल आयल निगमले डिजेल/मट्टितेलको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको बैठकले आइतबार मध्यरातदेखि लागू हुनेगरी डिजेल/मट्टितेलमा प्रतिलिटर रु एक घटाएको हो।

मूल्य समायोजनसँगै पहिलो वर्गका लागि डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १४५ रुपैयाँ र तेस्रो वर्गका लागि १४६ रुपैयाँ कायम भएको छ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ। निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ।

निगमले हवाई इन्धन (आन्तरिक र अन्तरराष्ट्रियतर्फ)को मूल्य भने बढाएको छ। निगमका अनुसार आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर रु छ र अन्तरराष्ट्रियतर्फ काठमाडौँमा प्रतिकिलोलिटर अमेरिकी डलर ४२ बढाइएको छ। मूल्य बढेसँगै आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर रु १३४ र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर एक हजार १५ पुगेको छ।

इन्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार डिजेल/मट्टितेलमा प्रतिलिटर एक रुपैयाँ ४४ पैसा घटेर तथा हवाई इन्धनमा प्रतिलिटर पाँच रुपैयाँ ६२ पैसा बढेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।

# मझौउमा हरित, सफा तथा सुरक्षित बिद्यालय घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, १५ मंसिर।**
"आजैदेखि सुरुवाती गरौ- हरित, सफा र सुरक्षित विद्यालय निर्माण गरौ" नराका साथ यहाँ हरित, सफा तथा सुरक्षित विद्यालय घोषणा गरेको छ।

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ५ स्थित रहेको राष्ट्रिय आधारभुत विद्यालय मझौउमा सोमबार आयोजित घोषणा समहारोमा बिभिन्न व्यक्तिहरुको उपस्थित रहेको थियो।

हरित, सफा तथा सुरक्षित परिचालन समिति तथा इको बालक्लब र विद्यालय परिवार, सेभ द चिल्ड्रेन, सेभ द सप्तरीको सहयोगमा बिभिन्न सुचकहरु पुरा गरि गाउँपालिका अध्यक्ष उमेश कुमार यादवले हरित, सफा तथा सुरक्षित विद्यालय घोषणा गरेका हुन्।

सो क्रममा उनले विष्णुपुर गाउँपालिका भरी रहेका सबै विद्यालय हरित विद्यालय हुनुपर्नेमा जोड दिए। यसका लागि गाउँपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउदै विद्यालय सरसफाई र स्वक्ष्य वतावरण भए मात्र विद्यालयमा शिक्षक र बिद्यार्थी स्वस्थ्य रहने उल्लेख गरे। राम्रो शिक्षाका लागि शिक्षकहरु पनि जानकार हुनुपर्ने भन्दै गुणस्तरीय शिक्षाका लागि सबै एक जुट हुनुपर्नेमा समेत जोड दिए।

यहाका जडफुडबाट हुने असर, स्थानिय खानाको प्रोत्साहनसहित जनचेतना कार्यक्रमहरु संचालनज गरेका छन। साथै बृक्षरोपन कार्यक्रम, विद्यालय क्षेत्रमा, जोखिम पहिचान गरि त्यसको न्युनिकरणका उपायहरु बरे समेत छलफल गरि बालबालिकाहरुलाई व्यक्तिगत सरसफाई तथा विद्यालय भित्रका कक्षाकोठा समेत निरन्तर सरसफाई राख्नुपर्ने आन्तरक्रियाकलाप सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहयोगमा बिभिन्न कार्यक्रमहरु गरिएको विद्यालयका प्रअ रेमन कुमार मण्डलले जानकारी दिए।

राष्ट्रिय आधारभुत विद्यालय मझौउमा प्रअ सहित ९ जना शिक्षक/शिक्षीका र २४४ जना विद्यार्थी रहेका छन। वडा अध्यक्ष जिवछ मण्डलको अध्यक्षतमा आयोजित समारोहमा विद्यालयका प्रअ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक, शिक्षिका तथा स्थानियवासीको सहभागि थियो।

कार्यक्रममा सेभ द सप्तरीको परियोजना प्रबन्धक संजिव कुमार चौधरी, अध्यक्ष ध्रुव प्रसाद देव, फिल्ड अधिकृत सत्यनारायण थारु, फर्जना खातुन, दुर्गानन्द शर्मा, सिल्पा देव र भोलिन्टियर रामसागर मेहताको समेत उपस्थित थिए।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्था तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०८/१५

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १ बद्रि नारायाण सिंको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे मल्हनिया सा.कि.नं. ९८८ को ज.वि. ०-४-६ जग्गा चित नारायण सिं नाममा ७ नं. फाटवारीमा जि.स. पं. राम्पुरा सा.कि.नं.९८८ ज.वि. ०-४-६ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स कोइलाडी वार्ड न.३ हाल तिलाठी कोईलाडी गा.पा. वडा नं. ४ बस्ने बद्री नारायण सिंहको बुहारी चित नारायण सिंहको पत्नी श्रीमती कृष्ण कुमारी सिंहको यस कार्यालयमा द.नं. ९६४२ मिति २०८१/०९/२५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०८/१५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९८८ | बद्रि नारायण सिं | राम्पुरा मल्हनिया | ५क | ४७७ | ०-२-० | श्रीमती कृष्ण कुमारी सिंह | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा बापुरजी यादव, किसानको व्यहोरा- महल खाली, कैफियत महलमा यो जग्गा कोइलाडी बस्ने चित नारायण सिंको नम्बरी हो मैले बटैयमा जोति आएको छु जनिएको। |

..................
किशोर कुमार राम
कार्यालय प्रमुख
कार्यालय प्रमुख




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*